# करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८।११।२२ गते**

यस कम्पनीको करार सेवा पदपूर्ति कार्यविधि, २०७८ बमोजिम देहायका पदहरुमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ।

| क. सं. | पद | तह | सेवा, समूह | माग संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १ | कानून अधिकृत | ६ | प्रशासन, प्रशासन | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक उपाधि हासिल गरेको। |
| २ | सूचना तथा सञ्चार अधिकृत | ६ | प्राविधिक, विविध | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्ग वा सूचना प्रविधि विषयमा स्नातक उपाधि हासिल गरेको। |

- **परीक्षाको किसिमः** समूहगत छलफल तथा अन्तर्वार्ता ।
- **परीक्षा दस्तुरः** रु १०००।- (अक्षररुपी एक हजार मात्र)
- **दरखास्त दिने अन्तिम मितिः** २०७८/१२/६ गते सम्म ।
- **दरखास्त दिने स्थान र ठेगाना** : हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कार्यालय, हात्तिसार, काठमाडौं ।
- **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला तथा फरक क्षमता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
- **दरखास्त फारम कम्पनीको Web site: www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ ।**
- **दरखास्तसाथ पेश गर्नु पर्ने कागजात तथा विवरणहरूः** आवेदकले देहायका विवरण तथा कागजातहरु प्रमाणित गरी दरखास्त फारमकासाथ पेश गर्नु पर्नेछः-
  - (क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण (बायोडाटा),
  - (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
  - (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
  - (घ) कार्य अनुभव भएमा प्रमाणित गर्ने कागजात,
  - (ङ) परीक्षामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ।
- **तलव, सुविधा र सेवा शर्तः** कम्पनीको नियमानुसार।
- परीक्षा मिति पछि जानकारी गराइनेछ ।
- करार सेवा पदपूर्ति कार्यविधि, २०७८ तथा अन्य जानकारी कम्पनीको **Web site: www.hidcl.org.np** तथा कम्पनीको सूचना पाटीमा राखिएको छ ।